# राष्ट्रिय बालबालिका नीति, २०८० कार्यान्वयनको राष्ट्रिय कार्ययोजना

## (२०८१/८२-२०८५/८६)

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरवार, काठमाडौं

# परिच्छेद १

# कार्ययोजनाको परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, राष्ट्रिय बालबालिका नीति, २०८०, बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्वन्धी नियमावली, २०७८, अन्य बाल अधिकारका विषयगत कानूनहरूले व्यवस्था गरेका विषय तथा संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धि, १९८९ लगायतका कानूनी प्रावधानहरू बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेका छन् । बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपुर्ति र पालनाका लागि बालबालिकाको अधिकारको प्रचलन, बाल अधिकार तथा संरक्षण सम्बन्धी संयन्त्रको व्यवस्था र परिचालन गरी विशेष आवश्यकता भएका बालबालिका तथा बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा प्रभावित बालबालिकाको संरक्षण तथा व्यवस्थापन लगायतका व्यवस्था छन्।

राष्ट्रिय बालबालिका नीति अन्तर्गतका रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहले नीति कार्यान्वयन कार्ययोजना निर्माण गरी लागू गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ । यसै पृष्ठभूमिमा रही समग्रमा बालबालिकाको हक, हित र अधिकारको सुनिश्चितताको लागि बालबालिकासँग प्रत्यक्ष सरोकार भएका शिक्षा, स्वास्थ्य, बाल संरक्षण, बाल सहभागता लगायतका पक्षहरूमा संघीय तहबाट महत्वपूर्ण एवम् नतिजामूलक कार्यसम्पादन गर्नका लागि यो कार्ययोजना निर्माण गरिएको छ ।

## १.२ कार्ययोजनाको आवश्यकता र औचित्यता

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउन, दिगो विकासको लक्ष्य प्राप्तिका लागि, सबै बालबालिकाहरुमाझ समान पहुँच र अवसर प्रदान गरी बालमैत्री वातावरण कायम गर्न नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गरी बाल अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्नका लागि स्वीकृत राष्ट्रिय बालबालिका नीति, रणनीति र कार्यनीतिहरूको कार्यान्वयन गर्न यो कार्ययोजना आवश्यक रहेको छ । बालबालिकाको क्षेत्रमा गरिने लगानी तथा सञ्चालन गरिने कार्यक्रमहरूमा  सुशासन, पारदर्शीता तथा जवाफदेहीताका साथै विभिन्न सरोकारवाला निकायहरूमाझ समन्वयका लागि कार्ययोजना आवश्यक पर्छ। साथै संयुक्त राष्ट्र संघीय बालअधिकार समितिबाट प्राप्त समापन टिप्पणीमा बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजना निर्माण गरी लागु गर्न सिफारिस प्राप्त भएको छ। ती सिफारिसहरूको कार्यान्वयन गर्नु नेपालको कानुनी तथा नैतिक दायित्व पनि रहेको छ ।

राष्ट्रिय बालबालिका नीतिले व्यवस्था गरेका नीतिगत व्यवस्थाहरूको कार्यान्वयन गर्ने सन्दर्भमा कस्ता कस्ता क्रियाकलापहरू कार्यान्वयन गर्ने, प्रत्येक क्रियाकलापमा आधारित अपेक्षित उपलब्धि के हुने, क्रियाकलाप कार्यान्वयनका लागि जिम्मेवार निकाय को हुने, कुन कुन निकायले सहयोग गर्ने, उपलब्धिको सूचक के हुने, वर्तमान अवस्था कस्तो रहेको छ र प्रत्येक वर्षको क्रियाकलाप अनुसारको माइलस्टोन उपलब्धि के हुने र प्रत्येक क्रियाकलाप कार्यान्वयनका लागि कति वजेट आवश्यक हुने भन्ने विषयमा स्पष्ट मार्गदर्शन सहित कार्यान्वयन गर्नका लागि यो कार्ययोजनाको आवश्यकता रहेको छ ।

यो कार्ययोजनाले सार्वजनिक, निजी, सहकारी, गैरसरकारी संस्था, सामुदायिक संस्था लगायतका क्षेत्रमा बालमैत्री सेवा र व्यवहारको विकास गर्न सहयोग पुऱ्याउनेछ । यसैगरी बालबालिका सम्बन्धी योजना एवम् कार्यक्रममा संघ, प्रदेश,

स्थानीय तह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा विकासका साझेदारहरू बीच समबुझाइ र सामञ्जस्यता ल्याउन, विशेष संरक्षणको आवश्यकता भएका तथा हिंसा र दुर्व्यवहारमा परेका बालबालिकालाई संरक्षण सेवा प्रदान गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको संस्थागत संरचनालाई व्यवस्थित गरी बालअधिकारको संरक्षण, प्रवर्द्धन तथा बाल संरक्षण प्रणाली सुदृढ गर्न यो कार्ययोजनाले स्पष्ट मार्गदर्शन गर्नेछ।

बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजनाको औचित्य निम्न कारणहरूले रहेको पुष्टि हुन्छः

१. प्रत्येक क्रियाकलाप कार्यान्वयनका लागि सरोकारवाला निकायलाई स्रोत साधन सहित जिम्मेवार र जवाफदेही बनाउन जरुरी रहेको ।
२. स्पष्ट लक्ष्य सहितको उपलब्धि हाँसिल गर्नका लागि प्रोत्साहन गर्न जरुरी रहेको ।
३. बालबालिकाको क्षेत्रमा लगानी हुने सरकारी तथा गैर सरकारी वजेटको प्राथमिकता क्षेत्र स्पष्ट पार्न जरुरी रहेको।
४. उपलब्धि सूचक अनुसारको अनुगमन प्रणाली सुदृढ गर्न जरुरी रहेको ।
५. अन्तर मन्त्रालय, तह तथा निकाय बीचको समन्वय र सहकार्य अभिवृद्धि गर्न जरुरी रहेको।

## १.३ उद्देश्य

यो कार्ययोजनाको प्रमुख उद्देश्य बालबालिका सम्बन्धी राष्ट्रिय कानुन तथा नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्दै बालअधिकार सुनिश्चित बालमैत्री राष्ट्र निर्माण गर्ने रहेको छ । यस कार्ययोजनाले निम्न विशिष्ट उद्देश्यहरु लिएको छः

१. बालबालिका सम्बन्धी राष्ट्रिय कानुनी तथा नीतिगत व्यवस्था, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको व्यवहारिक कार्यान्वयन सुनिश्चित गर्ने ।

२. बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा तथा खेलकुदमा पुर्ण, समान र समावेशी सहभागिताको अवसर सुनिश्चित गर्ने ।

३. बालबालिकाको सर्वाङ्गीन विकास, व्यक्तित्व विकास र सामाजिक नागरिक सहभागिताका लागि आवश्यक मैत्रीपुर्ण र बाल सुरक्षित वातावरण निर्माण गर्ने ।

४. बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने ।

५. बालबालिकाका क्षेत्रमा जिम्मेवार सरोकारवाला निकाय, अविभावक, निजी क्षेत्र तथा गैरसरकारी संस्था एवं विकास साझेदारहरूमाझ समन्वयीकृत लगानी र कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने ।

## १.४ कार्ययोजना निर्माणको विधि र प्रक्रिया

यो कार्ययोजना निर्माण प्रकृयामा विभिन्न विषयगत नीति तथा कार्ययोजनाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ भने विषयगत विज्ञ, बालबालिका लगायत सरकारी तथा गैर सरकारी निकाय एवम् संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी प्राप्त सुझावहरू समेत समावेश गरी यो कार्ययोजना निर्माण गरिएको छ । यो कार्ययोजना निर्माण विधि र प्रकृया निम्न बमोजिम रहेको छ । (यस सम्वन्धि विस्तृत विवरण पछि समावेश हुनेछ)

## १.५ अपेक्षित उपलब्धि

यस कार्ययोजनाको अपेक्षित उपलब्धि निम्नानुसार रहेको छ ।

१. बाल अधिकार सुनिश्चितताका लागि कानूनी, नीतिगत एवं संरचनागत व्यवस्था सुदृढ भएको हुने।
२. विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षण गर्ने संयन्त्रहरूको प्रभावकारी परिचालन भई यस्ता घटनाहरूको तत्काल सम्बोधन भएको हुने।
३. सबै बालबालिकाको लागि पोषण, प्रारम्भिक बाल विकास, शिक्षा, स्वास्थ्य, खेलकुद तथा समग्र व्यक्तित्व विकासको वातावरण निर्माण भएको हुने।
४. परिवार, समुदाय, संस्थागत तथा शासकीय तहमा बाल सहभागिता प्रवर्द्धन भएको हुने।
५. हिंसा र दुर्व्यवहारबाट पीडित, प्रभावित तथा जोखिममा रहेका बालबालिकाले स्थानीय तहबाट नै आधारभुत संरक्षण सेवा प्राप्त गरेको हुने ।

### लगानी तथा वित्तीय श्रोत परिचालन

यस कार्ययोजनाको कार्यान्वयनका लागि समन्वयीकृत र योजनाबद्ध लगानी तथा श्रोत परिचालनको लागि देहायका कार्यहरु गरिनेछ।

१. संघीय मन्त्रालय तथा निकायहरूबाट बालबालिकाको क्षेत्रमा यस कार्ययोजना बमोजिम बजेट विनियोजन गर्नका लागि वार्षिक रूपमा समन्वय बैठक आयोजना गर्ने ।
२. प्रदेश तथा स्थानीय तहहरूमा बालबालिकाको क्षेत्रमा यस कार्ययोजना बमोजिम बजेट विनियोजन गर्नका लागि बार्षिक रुपमा बजेट तयारीका समयमा स्थानीय बाल अधिकार समितिले कार्यक्रमहरूको सुचि सहित पेश गर्ने । कार्ययोजना अन्तर्गत आयोजना हुने प्रदेश तथा स्थानीय तहसँगको विभिन्न बैठकमा यस कार्ययोजना अनुरुप लगानीको विषयमा छलफल गरी बजेट विनियोजन गर्नुपर्ने ।
३. अर्थ मन्त्रालय, समाज कल्याण परिषद्सँग बालअधिकार तथा बालबालिकाको क्षेत्रमा प्राप्त हुने वैदेशिक सहायताका कार्यक्रमहरू यस कार्ययोजनाअनुरुप भएको सुनिश्चित गर्न चौमासिक रुपमा बैठक गर्ने ।
४. बालबालिकाका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाका सञ्जालहरू, विकास साझेदारहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग बालबालिकाको क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमहरू यस कार्ययोजना अनुरुप बनाउन समन्वय बैठक तथा अन्तरक्रिया आयोजना गर्ने ।
५. निजी क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व परिचालनका सन्दर्भमा यस कार्ययोजना अनुरूपका कार्यक्रममा लगानी गर्न निजी क्षेत्रसँग नियमित छलफल बैठकहरू आयोजना गर्ने ।

### कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन

यस कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनलाई अन्तरनिकाय समन्वय र सहकार्यमा आधारित बनाउनकालागि देहायका कार्यहरू गरिनेछन्।

१. स्थानीय तहमा बाल कल्याण अधिकारी यस कार्ययोजना कार्यान्वयन, अनुगमन र प्रतिवेदनको फोकल पर्सन हुनेछ।
२. प्रदेश तहमा प्रदेश बाल अधिकार समितिको सञ्चालन व्यस्थापनका लागि जिम्मेवार कर्मचारीलाई सम्वन्धित प्रदेश मन्त्रालयले यस कार्ययोजना कार्यान्वयन, अनुगमन र प्रतिवेदनको फोकल पर्सन तोक्नेछ छ ।

३. संघीय तहका विभिन्न जिम्मेवार मन्त्रालय तथा निकायहरूले यस कार्ययोजना कार्यान्वयन, अनुगमन र प्रतिवेदनका लागि फोकल पर्सन तोक्नुपर्नेछ ।

४. स्थानीय बाल कल्याण अधिकारी, प्रदेश बाल अधिकार समितिका कर्मचारी तथा संघीय तहका विभिन्न जिम्मेवार निकायमा रहेका कार्ययोजना कार्यान्वयनका फोकल पर्सनहरूलाई कार्ययोजना कार्यान्वयन, अनुगमन र प्रतिवेदन एवं उनीहरुको भुमिकाको बारेमा प्रशिक्षित गरिनेछ ।

५. स्थानीय, प्रदेश र संघीय सरकारका सम्पर्क व्यक्तिहरूले तोकिएको ढाँचामा स्थानीय तहमा कार्ययोजना कार्यान्वयन, लगानी र उपलब्धिको विवरण बार्षिक रूपमा राष्ट्रिय बालअधिकार परिषद्मार्फत पेश गर्नुपर्नेछ ।

६. गैरसरकारी संस्था तथा निजी क्षेत्रका प्रतनिधिहरूलाई कार्ययोजना कार्यान्वयन र प्रतिवेदन र उनीहरूको भुमिकाको बारेमा प्रशिक्षित गरिनेछ ।

७. संघीय तहमा अन्तर मन्त्रालय तथा अन्तर निकाय फोकल पर्सनहरूसँग र गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग अर्धवार्षिक रूपमा प्रतिवेदन तथा समन्वय बैठक आयोजना गरिनेछ ।

८. प्रदेश मन्त्रालय तथा निकायहरूसँग बार्षिक रूपमा प्रतिवेदन तथा समन्वय बैठक आयोजना गरिनेछ ।

# परिच्छेद २

# राष्ट्रिय बालबालिका नीतिको कार्यान्वयन कार्ययोजना

**रणनीति नं. ११.१-** बालबालिका सम्बन्धी कानूनलाई आवश्यकता अनुसार सामयिक परिमार्जन वा नयाँ कानून तर्जुमा गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने ।(नीति १०.१)

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | सम्बन्धित कार्यनीति |
|---|---|---|---|---|---|---|
| १ | बाल संरक्षण सेवा प्रवाह सम्बन्धी एकीकृत कार्यविधि निर्माण गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद् | २०८२ सम्म | बाल संरक्षण घटना व्यवस्थापन, अन्तरदेशीय उद्धार, बाल हेल्पलाइन, बालबालिका खोजतलास सेवा सञ्चालन, सर्वोत्तम हित निर्धारण, हिंसा तथा दुर्व्यवहारको सूचना दिने र जोखिमको मुल्याङ्कन लगायतका व्यवस्थाहरूको कार्यविधिगत प्रकृयाहरूमा स्पष्टता सहितको कार्यविधि स्वीकृत भई लागू भएको हुनेछ । | १२.१.२<br>१२.१.८<br>१२.२.३<br>१२.३.११<br>१२.४.३<br>१२.३.२<br>१२.४.२ |
| २ | वैकल्पिक हेरचाह सम्बन्धी एकीकृत मापदण्ड तथा सञ्चालन अनुमति प्रकृयाबारे कार्यविधि निर्माण गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८२ सम्म | वैकल्पिक हेरचाहका विकल्पहरूको न्यूनतम मापदण्ड सहितको सञ्चालन अनुमति प्रकृया समेतको स्पष्टता सहितको मापदण्ड स्वीकृत भई लागू भएको हुनेछ । | १२.३.६ |
| ३ | बालकोष परिचालन सम्बन्धी कार्यविधि निर्माण गरी लागू गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | राष्ट्रिय बाल अधिकार परिषद् | २०८२ सम्म | बालकोष परिचालन सम्बन्धी प्रकृयागत स्पष्टता सहितको मापदण्ड स्वीकृत भई लागू भएको हुनेछ । | १२.४.३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मन्त्रालय | | | | |
| ४ | कानूनी विवादमा परेका बालबालिकाको दिशान्तर सम्बन्धी निर्देशिका निर्माण गरी लागू गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद्, केन्द्रीय बाल न्याय समिति | २०८२ सम्म | दिशान्तर सम्बन्धी व्यवस्थाको कार्यान्वयन भएको हुने | १२.१.१ |
| ५ | विद्युतीय माध्यमबाट बालबालिका विरुद्ध हुने हिंसा तथा दुर्व्यवहार रोकथाम तथा न्यूनीकरणका लागि अनलाइन बाल सुरक्षा कार्यविधि निर्माण गरी लागू गर्ने | सूचना तथा सञ्चार प्रविधि मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८२ सम्म | अनलाइन बाल सुरक्षा कार्यविधि निर्माण भई लागू भएको हुने | १२.१.३<br>१२.२.३<br>१२.३.९ |
| ६ | प्रदेश तथा स्थानीय तहमा बालबालिका सम्बन्धी ऐन २०७५ बमोजिमका बाल अधिकार संरक्षण संयन्त्रहरू (बाल अधिकार समिति, बाल कल्याण अधिकारी, कार्यविधि र बाल कोष) स्थापना र परिचालनका लागि स्थानीय सरकारसँग समन्वय र सहजीकरण गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेशको बालबालिका हेर्ने मन्त्रालय, स्थानीय तह | २०८२ सम्म | ७५३ वटै स्थानीय तहमा बाल अधिकार समिति, बाल कल्याण अधिकारी, कार्यविधि, र बाल कोषको स्थापना र परिचालन भएको हुने<br>सातै प्रदेश बालबालिका सम्बन्धी ऐनको तर्जुमा र प्रदेश बाल अधिकार समिति गठन भएको हुने | १२.२.४<br>१२.३.२ |
| ७ | प्रदेशमा बालबालिका सम्बन्धी ऐन, २०७५ तथा राष्ट्रिय बालबालिका नीति कार्यान्वयन कार्ययोजना कार्यान्वयनका लागि प्रदेश सरकारसँग समन्वय र सहजीकरण बैठक गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय बाल अधिकार परिषद् | बार्षिक | सहजीकरण बैठकहरू सञ्चालन भएको हुने | १२.२.४<br>१२.३.२ |
| ८ | कानून कार्यान्वयन गर्ने तथा नेपाल प्रहरी लगायतका सुरक्षा निकायहरूलाई बालबालिका सम्बन्धी कानूनको व्यवस्था बारेमा अभिमूखीकरण गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, विकासका साझेदारहरू | निरन्तर | सम्बन्धित कर्मचारीहरू प्रशिक्षित भएको हुने | १२.१.२ |
| ९ | बालबालिका सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि न्यायिक निकायहरूमा कार्यरत कर्मचारीहरूलाई अभिमूखीकरण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद्, केन्द्रीय बालन्याय समिति, | निरन्तर | बालबालिका विरूद्धको हिंसा, कसूर, हक प्रचलन सम्बन्धी मुद्दाहरूको कारवाही छिटो र प्रभावकारी भएको हुने । | १२.१.२<br>१२.१.३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | बालबालिका सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन सम्बन्धमा उत्तर विधायकी प्रभाव अध्ययन र समीक्षा गरी प्रतिवेदन तयार गर्ने । | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | वार्षिक | बालबालिका सम्बन्धी कानूनी व्यवस्थामा सुधार गर्नुपर्ने विषयहरूमा सुझाव प्राप्त भएको हुने<br>समीक्षा तथा सुझाव प्रतिवेदन तयार भएको हुने | १२.१.१ |
| ११ | ऐनको कार्यान्वयन समीक्षा प्रतिवेदनको सिफारिसका आधारमा बालबालिका सम्बन्धी कानूनी व्यवस्थाहरू संशोधन तथा परिमार्जन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद् | २०८५ | बालबालिका सम्बन्धी ऐन व्यवहारिक अनुभव र आवश्यकताका आधारमा समसामयिक संशोधन भएको हुने | १२.१.१<br>१२.१.४<br>१२.१.५<br>१२.३.१४ |
| १२ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाले प्रचलित कानून बमोजिम हित अभिवृद्धिको व्यवस्था गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको रूपमा हित अभिवृद्धि भएको हुने। | १२.४.६ |

**रणनीति नं. ११.२-** संघ, प्रदेश र स्थानीय तहमा बाल अधिकार, बाल संरक्षण तथा बालन्याय सम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने ।(नीति १०.१)

| **क्र.सं.** | **कार्यनीति बमोजिमका क्रियाकलापहरू** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समय सीमा** | **अपेक्षित उपलब्धि** | **सम्बन्धित कार्यनीति** |
|---|---|---|---|---|---|---|
| १३ | विद्यालय एवं बालबालिकासँग प्रत्यक्ष काम गर्ने सार्वजनिक निकाय, निजीक्षेत्र एवम् सामाजिक संस्थाहरूमा बाल संरक्षण मापदण्ड लागू गराउने। | राष्ट्रिय बाल अधिकार परिषद्<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति | २०८३ सम्म | विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने सार्वजनिक निकाय, निजीक्षेत्र एवम् सामाजिक संस्थाहरूमा बाल संरक्षण मापदण्ड लागू भएको हुने | १२.१.६<br>१२.१.७<br>१२.३.१४<br>१२.४.७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय | | | |
| १४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा पाठ्यक्रम विकास केन्द्रसँगको सहकार्यमा विद्युतीय माध्यमबाट बालबालिका विरुद्ध हुनसक्ने हिंसा तथा दुर्व्यवहार सम्बन्धी विषय विद्यालयको पाठ्यक्रममा समावेश गर्ने | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, | २०८४ सम्म | बालबालिका विरुद्ध हुनसक्ने हिंसा तथा दुर्व्यवहार सम्बन्धी विषय पाँच कक्षादेखि माध्यमिक तहको विद्यालयको पाठ्यक्रममा समावेश भएको हुने | • १२.३.९ |
| १५ | बालअधिकार सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनका लागि राजनीतिक दलहरुसँग अन्तरक्रिया गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निर्वाचन आयोग राष्ट्रिय बालअधिकार परिषद् | निरन्तर | राजनैतिक दलका घोषणापत्रमा बाल अधिकारका विषय सम्बोधन भएको हुने बालबालिका सम्बन्धी ऐनको व्यवस्था बमोजिम दलगत राजनीतिमा बालबालिकाको प्रयोग र परिचालन न्युनीकरण हुने । | • १२.१.९ |
| १६ | प्रत्येक स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था गर्ने । | स्थानीय तहहरू | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय राष्ट्रिय बाल अधिकार परिषद् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८३ सम्म | ७५३ वटा स्थानीय तहमा बालकल्याण अधिकारीको व्यवस्था भएको हुने | १२.२.१ • |
| १७ | राष्ट्रिय बाल अधिकार परिषद्को सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने र कर्मचारीको क्षमता विकास गर्ने । | महिला, बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोक सेवा आयोग | २०८२ सम्म | राष्ट्रिय बाल अधिकार परिषद्को सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण भई कर्मचारी दरबन्दी स्वीकृत भएको हुने | • १२.२.१ |
| ~~१८~~ | ~~सातै~~ प्रदेशमा बालबालिका खोजतलास प्रदेश सेवा विस्तार गरी हराएका बालबालिकाको फेला पर्ने दरमा सुधार गर्ने । | राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अर्थ | २०८३ सम्म | सातै प्रदेशमा प्रदेशस्तरीय बालबालिका खोजतलास सेवा सञ्चालनमा आई हराएका बालबालिकाको फेला पर्ने दरमा सुधार भएको | १२.२.२ • |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | खोजतलास सेवा १०४ | मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी | | हुने | |
| १९ | बाल हेल्पलाइन सेवा विस्तार गर्ने । | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८५ सम्म | बाल हेल्पलाइन सेवा ४० स्थानमा विस्तार भई ७७ वटै जिल्लामा पहुँच पुगेको हुने | १२.२.२<br>• |
| २० | बाल अदालतको स्थापना गर्ने । | सर्वोच्च अदालत | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८५ सम्म | मुद्दा संख्याको मापदण्ड अनुसार बाल अदालतको स्थापना भई सञ्चालन भएको हुने | • १२.२.७ |
| २१ | प्रत्येक जिल्लामा बालमैत्री निगरानी कक्ष स्थापना गर्ने | सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरू | गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, केन्द्रीय बाल न्याय समिति र राष्ट्रिय बाल अधिकार परिषद् | २०८४ सम्म | ७७ वटै जिल्लामा बालमैत्री निगरानी कक्ष स्थापना भई सेवा प्रवाह भएको हुने | • १२.२.८ |
| २२ | बालबालिकाको हक, हित र अधिकार कार्यान्वयनका लागि मानव अधिकारसँग सम्बन्धित संवैधानिक आयोगहरू, सरोकारवाला मन्त्रालयको समन्वय र सहकार्यमा अभिवृद्धि गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | • बालबालिकाको हक, हित र अधिकारको विषयमा संवैधानिक आयोगहरू क्रियाशील भएको हुने<br>• अन्तरमन्त्रालय तथा निकाय बीचको वार्षिक बैठक बसेको र सहकार्य बढेको हुने | • |
| २३ | बालन्याय सम्बन्धी विषयको प्रभावकारी कार्यान्वयनका लागि अदालत, बाल इजलास, बाल न्याय समिति लगायतका संयन्त्रमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने । | केन्द्रीय बाल न्याय समिति | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | • बालन्याय सम्बन्धी संयन्त्रहरूमा कार्यरत ५०० कर्मचारीहरू तालिम प्राप्त भएको हुने | • |
| २४ | बाल सुधार गृहहरूको स्तरोन्नति गर्ने | महिला, बालबालिका तथा | केन्द्रीय बालन्याय समिति, गृह | निरन्तर | • बाल सुधार गृहमा १८ वर्ष मुनिका र माथिकाको छुट्टा छुट्टै व्यवस्थापन भएको | • |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ज्येष्ठ नागरिक मन्त्रालय, | मन्त्रालय, अर्थ मन्त्रालय | | हुने ।<br>• सुधार गृहको भौतिक क्षमता अनुसार मात्र बालबालिका संरक्षणमा रहेको हुने । | |
| २५ | बाल संरक्षण, बालन्याय तथा कानून कार्यान्वयन गर्ने संयन्त्रहरूका लागि कार्यसम्पादन सहजीकरणका लागि विषयगत हाते पुस्तिका निर्माण गरी वितरण गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विकासका साझेदारहरू | २०८२ सम्म | • हाते पुस्तिका निर्माण भई वितरण भएको हुने | • |
| २६ | वैकल्पिक हेरचाह प्रदायक, अस्थायी संरक्षण सेवा प्रदायक, पुनर्स्थापना केन्द्र, बाल हेल्पलाइन सेवा, बालबालिका खोजतलास सेवा, बाल सुधार गृह, निगरानी कक्ष लगायतका बाल संरक्षण संयन्त्रहरूको अनुगमन योजना बनाई नियमित अनुगमन तथा पृष्ठपोषण गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश बालबालिका हेर्ने मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश बालबालिका हेर्ने मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, स्थानीय तह | निरन्तर | • प्रत्येक वर्ष वैकल्पिक हेरचाह सेवा प्रदायक, अस्थायी संरक्षण सेवा, बाल हेल्पलाइन सेवा, बालबालिका खोजतलास सेवा, बाल सुधार गृह, निगरानी कक्षको अनुगमन भई आवश्यक सुधारका लागि निर्देशन दिइएको हुने | • १२.३.६ |
| २७ | बालबालिका लक्षित सामाजिक सामाजिक सुरक्षा विस्तार गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | • बालबालिका लक्षित सामाजिक सुरक्षा विस्तारका लागि अध्ययन तथा सुझाव प्रतिवेदनका आधारमा सामाजिक सुरक्षा विस्तार भएको हुने | • १२.४.५ |
| २८ | बालबालिकामा हुने लगानीको पहिचान तथा लगानी विश्लेषणका लागि बाल वजेट कोड लागु गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय बाल अधिकार परिषद्, विकासका साझेदार | २०८३ सम्म | • बाल वजेट कोड लागू भएको हुने | १२.१.१०<br>• १२.३.२ |
| २९ | बालबालिकाको खण्डिकृत सूचना व्यवस्थापनका लागि बाल अधिकार सूचना व्यवस्थापन प्रणाली | स्थानीय तह, प्रदेश बाल | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २०८३ सम्म | • ७५३ वटै स्थानीय तह र सातै प्रदेशबाट बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन | • १२.२.६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निर्माण तथा सञ्चालन गर्ने । | अधिकार समिति सरकार र राष्ट्रिय बाल अधिकार परिषद् | मन्त्रालय | | प्रकाशन भएको हुने<br>• सातै प्रदेशको प्रतिवेदनका आधारमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन प्रकासन भएको हुने | |

**रणनीति नं. ११.३-** विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका, हिंसा तथा दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने । (नीति १०.२)

| **क्र.सं.** | **कार्यनीति बमोजिमका क्रियाकलापहरू** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समय सीमा** | **अपेक्षित उपलब्धि** | **सम्बन्धित कार्यनीति** |
|---|---|---|---|---|---|---|
| ३० | सडक बालबालिकामुक्त नेपालको दिगोपनाको लागि नियमित अनुगमन तत्काल उद्धार गरी बालबालिकालाई संरक्षण तथा पुनर्स्थापना सेवा उपलब्ध गराउने । | बालबालिका खोजतलास सेवा | राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | २००० जना सडक बालबालिकाको सडकबाट उद्धार, संरक्षण तथा आवश्यक्ता र सर्वोत्तम हितका आधारमा शिक्षा, सिप तालिम, खेलसहभागिता, पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापना कार्यबाट अस्थायी संरक्षण सेवा प्राप्त गरेको हुने | १२.३.४<br>१२.३७ |
| ३१ | अपाङ्गता भएका बालबालिकाको सम्भावित उपचार गरी पुनर्स्थापना गर्ने | • स्थानीय तह | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद्<br>• अपाङ्गता उपचार सम्बन्धी अस्पतालहरू | निरन्तर | १००० जना अपाङ्गता भएका बालबालिकाको उपचार तथा पुनर्स्थापना भएको हुने | १२.३.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२ | श्रममा रहेका बालबालिकाको पहिचान गरी उद्धार संरक्षण र पुनर्स्थापना– गर्ने | स्थानीय तह<br>**श्रम कार्यालय**<br>बालबालिका खोजतलास सेवा<br>बाल हेल्पलाइन सेवा | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | ५०० जना श्रममा संलग्न बालबालिकाको उद्धार भएको हुने | **१२.३.८**<br>**१२.४.१ (रणनीति ११.६)** |
| ३३ | विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा रहेका, बालविवाह, अनलाइन बालहिंसा लगायत बालबालिका विरूद्धको हिंसाबाट पीडित तथा प्रभावित बालबालिकालाई आवश्यकता अनुसार उद्धार, संरक्षण, सुरक्षा तथा मनोविमर्श र पुनर्स्थापना गर्ने | • नेपाल प्रहरी<br>• स्थानीय तह<br>• बाल हेल्पलाइन सेवा | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय<br>राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | हिंसा तथा दुर्व्यवहारमा परेका १५००० जना बालबालिकाले आवश्यक संरक्षण तथा पुनर्स्थापना सेवा प्राप्त गरेको हुने | **१२.३.४**<br>**१२.३.९**<br>**१२.३.९**<br>**१२.३.३**<br>**(रणनीति ११.५ को)**<br>**१२.४.३ (रणनीति ११.६)** |
| ३४ | विभिन्न कारणले मनोसामाजिक समस्या भएका बालबालिकालाई मनोविमर्श तथा मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने । | • स्थानीय बाल अधिकार समिति<br>• विद्यालय नर्सिङ<br>• बाल हेल्पलाइन<br>• अस्पतालहरू | • राष्ट्रिय बालअधिकार परिषद्<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>• प्रदेश सरकार | निरन्तर | २५ हजार भन्दा बढी बालबालिकाले आवश्यक्ताअनुसार मनोसामजिक सेवा, मानसिक स्वास्थ्य सेवा प्राप्त गर्ने। | |
| ३५ | कानून विपरित बाल गृहहरूमा रहेका बालबालिकाको उद्धार, पारिवारिक पुनर्मिलन, | राष्ट्रिय बाल अधिकार परिषद् | • अस्थायी संरक्षण सेवा प्रदायक | २०८४ सम्म | बालगृहमा अनाधिकृत रुपमा रहेका ४००० बालबालिकाको उद्धार तथा | **१२.३.४**<br>**१२.३.६** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा पुनर्स्थापना गरी त्यस्ता बालबालिकाको संख्या शुन्य बनाउने । | | विकासका साझेदारहरू | | पारिवारिक पुनर्मिलन भएको हुने | |
| ३६ | मुलुक बाहिर बेवारिसे तथा जोखिममा परेका नेपाली बालबालिकाको उद्धार र स्वदेश फिर्ती गर्ने। | • राष्ट्रिय बाल अधिकार परिषद्<br>• बालबालिका खोजतलास सेवा | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय<br>• परराष्ट्र मन्त्रालय | निरन्तर | भारत लगायत अन्य देशमा जोखिममा परेका १००० जना बालबालिकाको उद्धार र स्वदेशफिर्ति गरिएको हुने | १२.३.१<br>१२.३.४ |
| ३७ | वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक स्याहारको प्रवन्ध गर्ने | स्थानीय तह<br>स्थानीय बाल अधिकार समिति | • राष्ट्रिय बाल अधिकार परिषद्<br>विकासका साझेदारहरू | निरन्तर | वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान भई बालगृह बाहेकका समेत अन्य वैकल्पिक हेरचाहका विकल्पहरूमा गरी ४००० बालबालिकाको व्यवस्थापन भएको हुने | १२.३.१० |
| ३८ | नेपालभित्र फेला परेका अन्य मुलुकका बालबालिकालाई बालबालिका खोजतलास सेवा (१०४) मार्फत निजको आफ्नो देश फिर्तिका लागि समन्वय गर्ने । | • राष्ट्रिय बाल अधिकार परिषद्<br>बालबालिका खोजतलास सेवा | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• नेपाल प्रहरी<br>परराष्ट्र मन्त्रालय | निरन्तर | ५०० जना वेवारिसे फेला परेका बालबालिकाको उद्धार एवं स्वदेशफिर्ती भएको हुने | १२.३.१३ |
| ३९ | विपद्का कारण जोखिममा परेका बालबालिकालाई राहत सहयोग प्रदान गर्ने | • स्थानीय तह<br>• राष्ट्रिय बाल अधिकार परिषद्<br>बाल हेल्पलाइन सेवा | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय<br>• नेपाल प्रहरी<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>अर्थ मन्त्रालय | निरन्तर | ५००० बालबालिकाले राहत सहयोग प्राप्त गरेको हुने | १२.३.१० |
| ४० | हराएका बालबालिकाको खोजी गरी पारिवारिक | • राष्ट्रिय बाल | • महिला, | निरन्तर | हराएका भनी सुचना प्राप्त भएका करिब | १२.३.१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुनर्मिलन गर्ने | अधिकार परिषद् बालबालिका खोजतलास सेवा | बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय<br>• नेपाल प्रहरी | | ३० हजार बालबालिकाको खोजी गरी पारिवारिक पुनर्मिलन गरिएको हुने | १२.३.४ |
| ४१ | लागू पदार्थ दुर्व्यसनमा बालबालिकाको लागि पुनर्स्थापना तथा उपचार सेवा प्रदान गर्ने र रोकथाममूलक कार्यक्रम सञ्चालन गर्ने | स्थानीय तह/ स्थानीय बाल अधिकार समिति | • राष्ट्रिय बाल अधिकार परिषद्<br>• प्रदेश बालबालिका हेर्ने मन्त्रालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | लागू औषध दुर्व्यसनी उपचार तथा रोकथाम सम्बन्धी कार्यक्रम स्थानीय तहबाट सञ्चालन भई ३००० बालबालिकाले उक्त सेवा प्राप्त गरेको हुने | १२.३.७ |
| ४२ | जन्मदर्ता प्रकृयामा अप्ठ्यारो परेका बालबालिकालाई जन्मदर्ता उपलब्ध गराउने । | • राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग<br>• वडा कार्यालय | • गृह मन्त्रालय<br>• स्थानीय तह<br>• राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | वैकल्पिक स्याहारमा रहेका तथा अन्य कारणले पहिचानको अधिकारबाट वञ्चित भएका २५०० जना बालबालिकाले जन्मदर्ता प्रमाणपत्र प्राप्त गरेको हुने । | १२.४.१ |
| ४३ | विशेष संरक्षणको आवश्यकता भएका, हिंसा पीडित तथा प्रभावित र जोखिममा रहेका बालबालिकाका लागि उपलब्ध सेवाहरूको प्रभाव, सेवा प्रवाह प्रणाली, समस्याका कारण तथा समाधानका उपायहरू र कार्यढाँचाका विषयमा विभिन्न शोध अनुसन्धान गर्ने । | • महिला, बालबालिका ज्येष्ठ नागरिक मन्त्रालय<br>• श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>• राष्ट्रिय बालअधिकार परिषद्<br>• राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्<br>• राष्ट्रिय योजना आयोग | • शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• विश्वविद्यालयहरू | निरन्तर | बाल संरक्षण, वैकल्पिक हेरचाह, विशेष संरक्षण लगायतका विविध क्षेत्रमा अध्ययन अनुसन्धान प्रतिवेदनहरू उपलब्ध हुनेछन् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | |

**रणनीति नं.** ११.४- जोखिममा रहेका बालबालिकालाई जोखिम न्यूनीकरणका लागि सचेतना तथा उपलब्ध सेवा सुविधामा बालबालिकाको पहुँच बढाउने । (नीति १०.२)

| **क्र.सं.** | **कार्यनीति बमोजिमका क्रियाकलापहरू** | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | **अपेक्षित उपलब्धि** | **सम्बन्धित कार्यनीति** |
|---|---|---|---|---|---|---|
| ४४ | बालबालिकाको जोखिम सुचकहरू निर्धारण गरी जोखिम न्यूनीकरण सहायता प्राप्त गर्ने बालबालिकाको पहिचानलाई सहजीकरण गर्ने । | • राष्ट्रिय बाल अधिकार परिषद्<br>• स्थानीय तह | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय | २०८३ सम्म | • स्थानीय तहमा बालबालिकाको जोखिम सुचक सहित नक्साङ्कन र सहायता प्रणाली कार्यान्वयन हुने । | • |
| ४५ | बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार सम्बन्धी घटनाहरु भएमा वा हुन लागेमा तत्काल सूचना दिनुपर्ने विषयमा ७५३ वटै स्थानीय तहमा प्रशिक्षण दिने | • स्थानीय तह<br>• राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय | २०८४ सम्म | • बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार सम्बन्धी घटनाहरू भएमा, हुन लागेमा तत्काल सूचना दिनुपर्ने विषयमा २५ हजार जिम्मेवार ब्यक्तिहरू प्रशिक्षित भएको हुने | • |
| ४६ | बालबालिकाको जोखिम न्यूनीकरणका लागि तथा सामुदायिक निगरानी तथा सूचना दिने प्रवृत्ति बढाउनका लागि समुदायमा आधारित आमा समूह, बाल क्लब, बालक्लब सञ्जाल लगायतका स्थानीय समूहहरूसँग समन्वय तथा अभिमूखीकरण गर्ने | • स्थानीय तह<br>प्रदेश बाल अधिकार समिति | • राष्ट्रिय बाल अधिकार परिषद्<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• विकासका साझेदार<br>नेपाल प्रहरी | निरन्तर | • स्थानीय सामुदायमा ५ लाख भन्दा बढी ब्यक्तिहरू जानकार हुने र समुदायमा आधारित समूहहरूको क्रियाशीलता बढेको हुने | • |
| ४७ | बालबालिकामाथि हुन सक्ने सम्भावित जोखिमहरुको पहिचान गरी त्यस्ता जोखिम | • राष्ट्रिय बाल अधिकार परिषद् | विकास साझेदार तथा गैरसरकारी संस्था र निजी क्षेत्र | निरन्तर | • बालबालिका माथि हुनसक्ने जोखिमहरूको बारेमा समुदायस्तरसम्म | • |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रोकथाम तथा न्यूनीकरण सम्बन्धी सचेतना सामग्रीको निर्माण गर्ने र सामाजिक सञ्जाल लगायत सञ्चार माध्यमबाट निरन्तर प्रचार प्रसार गर्ने | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• प्रदेश बालबालिका मन्त्रालय<br>• स्थानीय तह | | | सचेतना पुगेको हुने | |
| ४८ | बालबालिकाविरुद्धको हिंसा तथा कसुरको सुचना दिने सम्बन्धमा स्वास्थ्यकर्मी तथा शिक्षकहरूलाई प्रशिक्षित गर्ने । | • स्थानीय तह<br>• प्रदेश बालबालिका हेर्ने मन्त्रालय<br>• राष्ट्रिय बालअधिकार परिषद् | • महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | निरन्तर | २५ हजार स्वास्थ्यकर्मी तथा ५० हजार शिक्षकहरु बालबालिकाविरुद्दको कसुर तथा हिंसाको सुचना दिने विषयमा प्रशिक्षित हुने । | • |
| ४९ | बालबालिकाको जोखिम, हिंसाका कारण तथा समाधानका उपायहरूका विषयमा अध्ययन अनुसन्धान गर्ने । | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बालअधिकार परिषद् | • राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्<br>• राष्ट्रिय योजना आयोग<br>• विश्वविद्यालयहरू | निरन्तर | बालबालिकाको जोखिम, हिंसाका कारण तथा समाधानका उपायहरूका विषयमा विभिन्न अध्ययन अनुसन्धान प्रतिवेदन उपलब्ध हुने । | • |
| ५० | विद्यालयसँग सम्बन्धित सरोकारवालाहरूसँगको समन्वयमा "बाल हिंसा मुक्त विद्यालय" अभियान सञ्चालन गर्ने | • शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८३ | • विद्यालयहरू बालहिंसामुक्त भएको हुने | • |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५१ | "बालश्रममुक्त स्थानीय तह" सञ्चालनका लागि प्रदेश र स्थानीय तहलाई प्रोत्साहन गर्ने | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • राष्ट्रिय बाल अधिकार परिषद्<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | • सबै स्थानीय तह बालश्रम मुक्त घोषणा भएको हुने | • |
| ५२ | विपन्न, दलित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका विरूद्धको विभेद, हिंसा र दुर्व्यवहार अन्त्यका लागि सचेतनामूलक सामग्री निर्माण तथा प्रचार प्रसार गर्ने | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | • स्थानीय तह<br>• प्रदेश बालबालिका मन्त्रालय | निरन्तर | • सचेतना सामग्री निर्माण भई लक्षित समुदाय सचेत भएको हुने | • १२.३.३ |
| ५३ | लिङ्ग पहिचान गरी कानून विपरित गरिने गर्भपतन रोकथामका लागि स्वास्थ्यकर्मीहरूलाई कानूनी व्यवस्थाका बारेमा अभिमूखीकरण गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | • ५ हजार स्वास्थ्यकर्मीहरू लिङ्ग पहिचान गरी गर्भपतन विरुद्धको कानुनी व्यवस्थाका बारेमा जानकार हुनेछन् । | • १२.४.७ |

**रणनीति नं. ११.५-** धर्म, संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य गर्ने ।

| क्र.सं. | कार्यनीति बमोजिमका क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी | सम्बन्धित कार्यनीति |
|---|---|---|---|---|---|---|
| ५४ | धार्मिक तथा सांस्कृतिक परम्परा तथा रितिरिवाजमा भएका बाल अधिकार तथा संरक्षण सम्बन्धी व्यवस्थाहरूको अध्ययन गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २०८३ सम्म | • अध्ययन प्रतिवेदन तयार हुने | • |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मन्त्रालय | | | |
| ५५ | प्रथा/परम्पराका नाममा हुने हानिकारक अभ्यासको अन्त्यका लागि सचेतनामूलक सामग्री निर्माण तथा प्रचार प्रसार गर्ने | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• प्रदेश बालबालिका मन्त्रालय | • स्थानीय तह<br>• राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | • सचेतना सामग्री निर्माण भई प्रचार प्रसारमार्फत लक्षित समुदायमा सचेतना अभिवृद्धि भएको हुने | १२.३.१<br>• १२.३.४ |
| ५६ | बालविवाह अन्त्यका लागि विद्यमान रणनीति परिमार्जन गरी लगानी सहितको कार्यायोजना तर्जुमा गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • राष्ट्रिय बाल अधिकार परिषद् | २०८२ | • बाल विवाह अन्त्यका लागि लगानी सहितको कार्ययोजना निर्माण भई कार्यान्वयन भएको हुने | • १२.३.८ |
| ५७ | बालविवाह अन्त्यका लागि प्रदेश र स्थानीय तहमा आवश्यक कार्यक्रम निर्माणका लागि प्रदेश तथा स्थानीय तहमा अन्तरक्रिया गर्ने । | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | • प्रदेश बालबालिका मन्त्रालय<br>• स्थानीय तह | २०८२ | • प्रदेश र स्थानीय तहका वार्षिक कार्यक्रममा बाल विवाह अन्त्यका लागि बजेट विनियोजन भएको हुने | • १२.३.६ |
| ५८ | बालबालिकाले आफू खुसी गर्ने विवाहलाई नियन्त्रण गर्न बालक्लब वा सञ्जाल एवम् किशोरकिशोरी सञ्जालको परिचालन गरी दौंतरी शिक्षा सञ्चालन गर्ने | • प्रदेश बालबालिका मन्त्रालय<br>• स्थानीय तह | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | • बालक्लब वा सञ्जालहरू बालविवाह रोकथामका लागि परिचालित भएको हुने | • १२.३.७ |
| ५९ | बाल विवाह मुक्त स्थानीय तह निर्माणका लागि स्थानीय तहलाई प्रोत्साहन गर्ने | • महिला, बालबालिका | • राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | • ७५३ वटै स्थानीय तह बाल विवाह मुक्त स्थानीय तह भएको हुने | • १२.३.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• प्रदेश बालबालिका मन्त्रालय<br>• स्थानीय तह | विकासका साझेदार | | | |
| ६० | परम्परागत हानीकारक अभ्यासको अन्त्यका लागि विभिन्न धार्मिक गुरूहरूलाई अभिमूखीकरण गर्ने | • प्रदेश बालबालिका मन्त्रालय<br>• स्थानीय तह | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | • धार्मिक गुरूहरु बाल अधिकार सम्बन्धी विषयमा जानकार भएको हुने | • १२.३.७ |

**रणनीति नं. ११.६-** बालबालिकालाई हुने शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न संघ, प्रदेश, स्थानीय तह र समुदायका सरोकारवाला समेतलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने।(नीति १०.२)

| क्र.सं. | कार्यनीति बमोजिमका क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | सम्बन्धित कार्यनीति |
|---|---|---|---|---|---|---|
| ६१ | हिंसा तथा दुर्व्यवहार सम्बन्धी घटनाको तत्काल सम्बोधनका लागि विद्यालय र समुदायमा सरल र सहज उजुरी संयन्त्रको व्यवस्था गर्ने | • स्थानीय तह | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | २०८४ सम्म | • बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहारको सुचना र जानकारीका लागि विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक निकाय आदिमा उजुरी पेटीका, अनलाईन तथा हटलाइन सेवा उपलब्ध हुनेछ। | • |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • गृह मन्त्रालय<br>• नेपाल प्रहरी | | | |
| ६२ | अनलाइनबाट हुनसक्ने हिंसा तथा दुर्व्यवहार रोकथाम तथा न्यूनीकरणका लागि इन्टरनेट सेवा प्रदायकहरूमा सचेतना अभिवृद्धि गर्ने र यस विषयमा जवाफदेहि बनाउने | नेपाल दुर सञ्चार प्राधिकरण | • सञ्चार, सूचना तथा प्रविधि मन्त्रालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | • २०८२ सम्म | • इन्टरनेट सेवा प्रदायकहरूले बालबलिकाको अनलाइन सुरक्षाका उपायहरू अपनाएको हुने | • |
| ६३ | दुर सञ्चार प्रधिकरणसँगको समन्वयमा बालबालिका लक्षित छुट्टै सिम कार्डको व्यवस्था गर्ने | नेपाल दुर सञ्चार प्राधिकरण | • सञ्चार, सूचना तथा प्रविधि मन्त्रालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>दुर सञ्चार सेवा प्रदायक संस्थाहरू | • २०८३ सम्म | • बालबालिका सिम कार्डको व्यवस्था भएको हुने | • |
| ६४ | इन्टरनेट सेवा प्रदायक, समाजिक सञ्जाल सञ्चालक तथा व्यवस्थापकहरूलाई अनलाइन बाल सुरक्षाका लागि जिम्मेवार र जवाफदेही बनाउन नियमित अन्तरक्रिया गर्ने । | • नेपाल दुरसञ्चार प्राधिकरण | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• सञ्चार, सूचना तथा प्रविधि मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | • निरन्तर | • इन्टरनेट तथा सामाजिक सञ्जालमा अनलाइन बाल सुरक्षा सुनिश्चित भएको हुने | • |
| ६५ | बालसंरक्षण सम्बन्धी विषयहरूको बारेमा अभिभावक शिक्षा सम्बन्धी सचेतना पुस्तिका निर्माण गरी सबै स्थानीय तह तथा विद्यालयहरूमार्फत अनुशिक्षित हुने व्यवस्था मिलाउने | राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>• प्रदेश बालबालिका मन्त्रालय | • निरन्तर | • बालसंरक्षण सम्बन्धी अभिभावक शिक्षा सम्बन्धी सचेतना पुस्तिका निर्माण भई वितरण भएको हुने | • |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • स्थानीय तह | | | |
| ६६ | शारीरिक दण्ड सजाय तथा बालश्रमबाट बालबालिकामा हुनसक्ने जोखिम तथा हानिहरूको बारेमा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | • स्थानीय तह<br>• प्रदेश बालबालिका मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • निरन्तर | • बालबालिका विरुद्ध हुने शारीरिक दण्ड सजाय, बालश्रमको प्रयोग न्यूनीकरण भएको हुने | • १२.४.५ (रणनीति ११.६) |
| ६७ | अटिजम लगायत अपाङ्गता भएका बालबालिकाको समयमै पहिचान तथा सम्भावित उपचार, पुनर्स्थापनाबारे स्थानीय तहको स्वास्थ्य शाखासँगको सहकार्यमा सचेतीकरण कार्यक्रम कार्यान्वयन गर्ने | • स्थानीय तह<br>• प्रदेश बालबालिका मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद्<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • निरन्तर | • अटिज्म लगायतका अपाङ्गता भएका बालबालिकाको समयमै पहिचान र सम्भावित उपचारबारे सचेतीकरण भएको हुने | १२.३.४<br>• १२.३.५ |
| ६८ | जलवायुजन्य एवम् विपदका कारण सिर्जना हुने बाल संरक्षणका सवाल वा घटनाबाट पीडित तथा प्रभावित बालबालिकालाई संरक्षण सेवा प्रवाह गर्ने र विपद्मा बाल संरक्षण प्रतिकार्य बारे स्थानीय तहलाई अभिमूखीकरण गर्ने । | • वन तथा वातावरण मन्त्रालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय | • राष्ट्रिय बाल अधिकार परिषद्<br>• नेपाल प्रहरी | • निरन्तर | • विपद्मा बाल संरक्षण र प्रतिकार्यबारे सचेतना भएको हुने | १२.३.४<br>१२.३.१२<br>• १२.४.९ |

**रणनीति नं. ११.७-** बालबालिकाको समग्र व्यक्तित्व विकासका लागि संरचनागत तथा सेवा प्रवाहमा सुधारका लागि सम्बद्ध निकाय तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

| क्र.सं. | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | सम्बन्धित कार्यनीति |
|---|---|---|---|---|---|---|
| ६९ | बाल अधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवं अन्तर्राष्ट्रिय संघ संस्था, निजीक्षेत्रसँग समन्वय गरी सहायता तथा सहकार्य अभिवृद्धि गर्ने। | • महिला, बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | • अर्थ मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• समाज कल्याण परिषद् | निरन्तर | बाल अधिकार संरक्षण तथा प्रवर्द्धनमा विकास साझेदार एवम् निजी क्षेत्रको लगानी अभिवृद्धि भएको हुने | १२.१.१०<br>१२.२.५ |
| ७० | बाल स्वास्थ्य सेवा प्रदान गर्ने सबै तहका र निजी क्षेत्रबाट सञ्चालित अस्पतालहरूमा बालमैत्री बेड, उपचार कक्षको व्यवस्था गर्ने । | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय तह, प्रदेश स्वास्थ्य मन्त्रालय | • राष्ट्रिय बाल अधिकार परिषद् | २०८३ सम्म | बाल स्वास्थ्य सेवा प्रदान गर्ने सबै तहका र निजी क्षेत्रबाट सञ्चालित अस्पतालहरूमा बालमैत्री बेड, उपचार कक्षको व्यवस्था भएको हुनेछ । | |
| ७१ | बाल अधिकार प्रवर्द्धन तथा बाल संरक्षण घटना व्यवस्थापन बारेमा ७५३ वटा स्थानीय तहका बालकल्याण अधिकारी, समाजसेवी, बालमनोविज्ञ तथा प्रोवेशन अधिकारी लगायत सम्वद्ध सरोकारवालाको क्षमता अभिवृद्धि तालिम गर्ने। | • राष्ट्रिय बाल अधिकार परिषद्<br>• प्रदेश बालबालिका मन्त्रालय | • महिला, बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | स्थानीय तहका बाल अधिकार तथा संरक्षण संयन्त्रहरू दक्ष भएको हुने | १२.२.४ |
| ७२ | नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र तथा मुद्दा शाखामा कार्यरत कर्मचारीहरूलाई बाल संरक्षण घटना व्यवस्थापनबारे क्षमता अभिवृद्धि गर्ने | • नेपाल प्रहरी<br>• राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय<br>• प्रदेश बालबालिका मन्त्रालय | निरन्तर | बाल संरक्षण घटना व्यवस्थापन प्रकृयाका बारेमा १ हजार प्रहरी कर्मचारीहरू प्रशिक्षित हुनेछन् । | १२.४.४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७३ | बालबालिकाको अन्तरदेशीय ओसारपसार तथा बेचिविखन रोकथाम तथा नियन्त्रणका लागि सीमानाकामा कार्यरत सुरक्षा निकायमा कार्यरत कर्मचारीहरुलाई बाल संरक्षण सम्बन्धी विषयमा क्षमता अभिवृद्धि गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• गृह मन्त्रालय<br>• रक्षा मन्त्रालय | निरन्तर | सीमामा कार्यरत १५ सय सुरक्षाकर्मी तथा कर्मचारीहरू बालसंवेदनशिलता, बाल अधिकार तथा बाल संरक्षणका बारेमा प्रशिक्षित हुनेछन् । | **१२.४.४** |
| ७४ | आर्थिक, प्रविधिक र जनशक्तिसहित बाल अधिकारसँग सम्बन्धित स्रोतसाधन, सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा बाल अधिकार इ-एकेडेमी निर्माण तथा सञ्चालन गर्ने। | राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | बाल अधिकार इ एकेडेमी सञ्चालनमा आइ २००० जना भन्दा बढी बालबालिकाले स्रोत सामग्री अध्ययन गरेको हुने | **१२.४.४** |
| ७५ | बालबालिकाको दिशान्तर प्रकृयालाई प्रभावकारी बनाउन सम्बन्धित निकायमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने | • केन्द्रीय बाल न्याय समिति | • राष्ट्रिय बाल अधिकार परिषद्<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | दिशान्तर प्रकृयाको प्रभावकारी कार्यान्वयन भएको हुने | १२.२.१० |
| ७६ | सञ्चालन अनुमति प्राप्त वैकल्पिक हेरचाह प्रदायक संस्थाहरूलाई विद्यमान कानूनी व्यवस्था तथा मापदण्डको बारेमा अभिमूखीकरण तथा क्षमता अभिवृद्धि गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | वैकल्पिक हेरचाह प्रदायक संस्था सञ्चालकहरू विद्यमान कानूनी व्यवस्थाको बारेमा जानकार भएको हुने | **१२.३.६**<br>**१२.४.२ (११.६ को)** |
| ७७ | स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाई वैकल्पिक हेरचाहको व्यवस्था बारेमा अभिमूखीकरण तथा क्षमता अभिवृद्धि गर्ने | राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | वैकल्पिक हेरचाहमा बालबालिका संरक्षण गर्ने प्रकृयाबारे ७५३ वटै स्थानीय तह जानकार भएको हुने | **१२.३.६** |
| ७८ | बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन तयारी, सूचना व्यवस्थापन सम्बन्धी विषयमा स्थानीय तहका कर्मचारीहरूको क्षमता अभिवृद्धि | राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | ७५३ वटै स्थानीय तहबाट बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन प्रकाशन | १२.२.४<br>१२.३.१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्ने | | | | भएको हुने | १२.३.४ |
| ७९ | बालबालिकाको हक, हित र अधिकार कार्यान्वयन तथा स्थानीय न्यायिक समितिको क्रियाशीलताका लागि न्यायिक समितिको भूमिकाबारे समितिका पदाधिकारीहरूलाई अभिमूखीकरण गर्ने | • राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• प्रदेश बालबालिका हेर्ने मन्त्रालय<br>विकासका साझेदारहरू | निरन्तर | स्थानीय न्यायिक समितिहरू बालबालिकाको हक, हित र अधिकार प्रचलनमा क्रियाशील भएको हुने | १२.२.४<br>१२.३.१<br>१२.३.४ |
| ८० | बाल संरक्षण सेवा प्रवाहबारे बालबालिका खोजतलास, बाल हेल्पलाइन तथा अस्थायी संरक्षण सेवाहरू लगायतको संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्ने। | • राष्ट्रिय बाल अधिकार परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• प्रदेश बालबालिका हेर्ने मन्त्रालय<br>• स्थानीय तह<br>विकासका साझेदार | निरन्तर | बालबालिका खोजतलास, बाल हेल्पलाइन तथा अस्थायी संरक्षण सेवाबाट १ लाख बालबालिकाले प्रभावकारी सेवा प्राप्त गरेको हुने | १२.२.४<br>१२.३.१<br>१२.३.४ |
| ८१ | बाल संरक्षण घटना व्यवस्थापन प्रकृयामा एकरूपता तथा समबुझाईका लागि बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना प्रणाली सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने। | राष्ट्रिय बाल अधिकार परिषद्<br>• स्थानीय तह | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• नेपाल प्रहरी<br>• प्रदेश बालबालिका हेर्ने मन्त्रालय | निरन्तर | सबै स्थानीय तह, प्रहरी इकाई, बाल हेल्पलाइन, बालबालिका खोजतलास सेवा, वैकल्पिक हेरचाह प्रदायक संस्था तथा सेवा प्रदायकहरूले सूचना प्रणाली सञ्चालन गरेको हुने | १२.२.५<br>१२.२.६<br>१२.३.१ |

**रणनीति नं. ११.८-** बालबालिकासँग सरोकार राख्ने कार्य तथा निर्णय गर्दा बालबालिकाको सहभागिता र विचारको सुनुवाई हुने व्यवस्था गर्ने ।

| **क्र.सं.** | **कार्यनीति बमोजिमका क्रियाकलापहरू** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समय सीमा** | **अपेक्षित उपलब्धि** | **सम्बन्धित कार्यनीति** |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८२ | संघ, प्रदेश र स्थानीय तहको योजना तर्जुमा प्रकृयामा बालबालिकाको सहभागिता सुनिश्चितताका लागि समन्वय तथा सहजीकरण गर्ने | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• प्रदेश बालबालिका हेर्ने मन्त्रालय<br>• स्थानीय तह | • राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | संघ, प्रदेश र स्थानीय तहको योजना तर्जुमा प्रकृयामा बालबालिकाको सहभागिता भएको हुने | १२.६.३ |
| ८३ | विद्यालय, परिवार, समुदाय तथा अन्य स्थानहरूमा रहेका बालबालिकाको सहभागिताको अधिकार र विचारको सुनुवाई सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाका बारेमा अनुशिक्षण प्रदान गर्ने . | • प्रदेश बालबालिका हेर्ने मन्त्रालय<br>• स्थानीय तह | • राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | विद्यालय परिवार र समुदायमा बालबालिकाको सहभागिता र विचारको सुनवाइको अभ्यास बढेको हुनेछ । | १२.६.३<br>१२.६.४<br>१२.६.५ |
| ८४ | प्रत्येक स्थानीय तह र प्रदेशमा वार्षिक रुपमा बाल सभा आयोजना गर्ने र बालबालिकाको विचारको सुनुवाइ गर्ने | • स्थानीय तह<br>प्रदेश बालबालिका हेर्ने मन्त्रालय | • राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | बाल सभा आयोजना भएको हुने | १२.६.७<br>१२.६.८ |
| ८५ | बालबालिकाको सिर्जनात्मक अभिव्यक्ति, बाल नाटक तथा अन्य बाल प्रतिभा प्रस्फुटनका लागि त्यस्ता कार्यक्रम सञ्चालन गर्न प्रदेश र स्थानीय तहलाई प्रोत्साहन गर्ने | • महिला, बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• प्रदेश बालबालिका हेर्ने मन्त्रालय | • राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | बालबालिकाको प्रतिभा प्रस्फुटन कार्यक्रमहरूमा बजेट विनियोजन भएको हुने | १२.६.७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्थानीय तह | | | | |
| ८६ | बालक्लबमा आवद्ध बालबालिकाको नेतृत्व विकासका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | • प्रदेश बालबालिका हेर्ने मन्त्रालय<br>• स्थानीय तह | • राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | बालबालिकाको नेतृत्व विकास भएको हुने | १२.६.७ |
| ८७ | आम सञ्चार माध्यममा बाल सहभागिता प्रवर्द्धन सम्बन्धी सचेतनामूलक सामग्रीहरूको निर्माण तथा प्रचारप्रसारका लागि समन्वय गर्ने | • सञ्चार, सूचना तथा प्रविधि मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | आम सञ्चार माध्यमहरूले कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तर्गत बाल सहभागिता सम्बन्धी प्रचारप्रसार सामग्री निर्माण गरी प्रचार प्रसार गरेको हुने | १२.६.६ |
| ८८ | खेलकुद, स्काउट लगायतका क्षेत्रहरूमा बालबालिकाको सहभागिता सम्बन्धी सूचना व्यवस्थापनका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्ने । | • युवा तथा खेलकुद मन्त्रालय<br>• राष्ट्रिय खेलकुद परिषद् | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | बालबालिकाको खेलकुदमा सहभागिता सम्बन्धी खण्डिकृत सूचना व्यवस्थापन भएको हुने | १२.६.३ |
| ८९ | बालक्लब वा सञ्जालका अनुभव भएका युवाहरूलाई बाल अधिकार प्रवर्द्धन सम्बाहकको रूपमा क्षमता अभिवृद्धि गरी बाल अधिकार संरक्षण र प्रवर्द्धनमा सक्रिय बनाउने । | • प्रदेश बालबालिका हेर्ने मन्त्रालय<br>• स्थानीय तह | • राष्ट्रिय बाल अधिकार परिषद् | निरन्तर | बालक्लबको अनुभव भएका १००० जना युवाहरू बालअधिकार प्रवर्धन सम्बाहकको रुपमा परिचालित भएको हुने | १२.६.२ |

**रणनीति नं. ११.९- बालबालिकाको सर्वोत्तम विकासका लागि पोषण योजना कार्यान्वयन गरी कुपोषण न्यूनीकरण गर्ने।(नीति १०.३)**

| क्र.सं. | कार्यनीति बमोजिमका क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | सम्बन्धित कार्यनीति |
|---|---|---|---|---|---|---|
| ९० | विद्यालय, परिवारमा बालबालिकाको पोषण अवस्था सुधार गर्न पोषण योजना तथा पोषणमैत्री स्थानीय तह कार्यान्वयनलाई प्रोत्साहित गर्ने । | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग | निरन्तर | सबै स्थानीय तहले पोषणमैत्री स्थानीय तहको रुपमा पोषण योजना लागु गर्नेछन् | ११.९.१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९१ | किशोरकिशोरी, गर्भवती महिला तथा स्तनपान गराईरहेका आमाहरू, शिशु तथा साना बालबालिकाका लागि स्वस्थ, पोषणयुक्त खानाको प्रवर्धन गर्ने। | • स्वास्थ्य सेवा विभाग<br>• स्थानीय तह | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | निरन्तर | दिगो विकास लक्ष्य अनुसार पोषणको अवस्था सुधार भएको हुने | ११.९.१ |
| ९२ | आयोडिनयुक्त नुनको प्रवर्धन गर्ने। | • स्वास्थ्य सेवा विभाग<br>• स्थानीय तह | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | निरन्तर | सबै परिवारमा आयोडिनयुक्त नुनको प्रयोग भएको हुने | ११.९.१ |
| ९३ | पोषण सम्बन्धी शिक्षा र परामर्श सेवा विस्तार गर्ने | • स्थानीय तह | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• स्वास्थ्य सेवा विभाग | निरन्तर | ७५३ वटै स्थानीय तह मार्फत समुदायस्तरमा पोषण शिक्षा विस्तार भएको हुने | ११.९.१ |
| ९४ | बजारमा उपलब्ध बालबालिकाको प्रयोगमा आउने खाद्य सामग्रीको गुणस्तर नियमन कार्य नियमित गर्ने | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | • कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | निरन्तर | बजारमा पाइने बालबालिका लक्षित खाद्य सामग्री गुणस्तरीय भएको हुने | ११.९.२ |
| ९५ | बालबालिकाले खेल्ने खेलौनाको गुणस्तरको अध्ययन तथा विश्लेषण गरी बालबालिकाको स्वास्थ्यमा असर नपुऱ्याउने खेलौना मात्र बजारमा उपलब्ध हुने व्यवस्था मिलाउने । | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | • कृषि तथा पशुपंक्षी विकास मन्त्रालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८३ सम्म | बालबालिकाले प्रयोग गर्ने खेलौना स्वास्थ्यमा प्रतिकूल असर नपार्ने सुनिश्चित भएको हुने | ११.९.२ |
| ९६ | सामुदायिक विद्यालयहरूमा सञ्चालनमा रहेको दिवा खाजा कार्यक्रमको दायरा वृद्धि गर्ने र बालबालिकाको पहुँच बढाउने | • शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>• प्रदेश शिक्षा हेर्ने मन्त्रालय<br>स्थानीय तह | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• अर्थ मन्त्रालय | निरन्तर | देशभरीका सबै सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम विस्तार भई अध्ययनरत सबै बालबालिकाको पहुँच पुगेको हुने | ११.९.३ |